(कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)
**घलेम्दी हाईड्रो लिमिटेड**
का.म.न.पा. वडा नं. १६, काठमाण्डौ
फोन नं.: फ्याक्स नं.: ०१-५९०२५२०
Email: ghalemdi@gmail.com, Website: www.ghalemdi.com

# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना !

आदरणीय शेयरधनी महानुभावहरु,

यस घलेम्दी हाईड्रो लिमिटेडको मिति २०७८/०८/१८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**सभा हुने मिति, समय र स्थानः-**

**मिति : २०७८ साल पौष १६ गते (३१ डिसेम्वर २०२१) ।**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : सासा ब्याङ्केट, नयाँवजार, काठमाण्डौ ।**

**छलफलका विषयहरु**

१) सामान्य प्रस्तावहरु

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात,नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) कम्पनीको प्रवन्ध पत्र तथा नियमावली वमोजिम संस्थापक तर्फको संचालक समिति गठन गर्ने सम्वन्धमा ।

ङ) विविधः

२) **विशेष प्रस्तावः- छैन ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१) हालको कोभिड १९ को माहामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थित निमित्त हार्दिक अनुरोध छ ।

२) Virtual माध्यमबाट उपस्थित शेयरधनीलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिने व्यहोरा समेत जानकारी गराउंदछौ । उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निद्धिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।

३) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा संचालन अवधि भरका भिडियो रेकर्ड गरिनेछ ।

४) Meeting ID/ password को निमित्त कम्पनीको Email id: ghalemdi@gmail.com मा समयमा नै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनिको पहिचान Verification गरी ID र Password समयमा नै पठाउन आईपर्न सक्ने प्रविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै Email address मा साधरण सभाको प्रतिवेदन समेत पठाईनेछ ।

५) Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहानुहुने शेयरधनी मानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनीको आधिकारीक Email: ghalemdi@gmail.com मा सम्पर्क गरी नाम टिपोट गराउनुहुन अनुरोध छ ।

६) आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८/०९/०५ देखि २०७८/०९/१६ गतेसम्म संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०७८/०९/०४ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

७) शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. (BOID) वा आफ्नो परिचयपत्र स्पष्ट हुने फोटो सहितको कुनै परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ । परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईने छैन ।

८) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने भएपनि सभा हलमा उपस्थिति पहिलो २५ जनालाई मात्र प्रवेश गराइने हुँदा अन्य सहभागीले Virtual मध्यमबाट उपस्थित हुन पर्नेछ ।

९) कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०७८/०८/१४ गते बिहान ११:०० बजे भित्र संस्थाको केन्द्रीय कार्यालय, बनस्थली १६, काठमाण्डौंमा दर्ता गराई सक्नुपर्नेछ । संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन । संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ । साथै प्रतिनिधि (प्रोक्सी) दिँदा जुन समूहको शेयरधनीहो सोही समुहको शेयरधनीलाई सम्पूर्ण शेयरको प्रतिनिध एउटै व्यक्ति हुने गरी मात्र दिनु पर्नेछ ।

१०) प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

११) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

१२) नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन,मतदान गर्न र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ । तर संरक्षक आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

१३) संस्थापक संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रमको जानकारी १० दिन अगाडी कम्पनीको आधिकारीक बेभसाइट तथा संस्थाको सूचना पाटीमा निर्बाचन अधिकृतले प्रकाशित गर्नु हुनेछ ।

१४) वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस संस्थाको केन्द्रीय कार्यालय बनस्थली १६, काठमाण्डौंको टेलिफोन नं.०१-५९०२५२० मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा संस्थाको वेब साइट www.ghalemdi.com बाट प्राप्त गर्न सक्नुहुनेछ ।